विश्वास

गुणस्तरीय सेवा




# गुणस्तरीय सेवा

# सेवाग्राहीका रूपमा तपाईंका अधिकारहरु

यस केन्द्रबाट तपाईलाई निम्न सेवाहरु पाउने अधिकार छ :

## स्वेच्छिक सेवाहरु

यहाँ प्राप्त हुने सबै सेवा लिने या नलिने भन्ने बारेमा तपाईले आफै निर्णय गर्न सक्नु हुनेछ । यसको लागि हामी तपाईलाई यहाँ उपलब्ध सेवा र उपचारका फाइदा तथा जोखिमका बारेमा जानकारी दिनेछौं । यस जानकारीले तपाईलाई सुसुचित भै निर्णय लिन सघाउने छ । आफूले लिन नचाहेको कुनै पनि सेवा लिन अथवा स्वास्थ्य परिक्षण गर्नलाई तपाई बाध्य हुनुहुने छैन । तपाइले कुनै पनि सेवा लिन नमान्दैमा यस केन्द्रबाट उपलब्ध हुने अन्य सेवाहरु प्राप्त गर्ने तपाईको अधिकारबाट बन्चित गरिने छैन । तपाइले चाहेको मात्र सेवा लिन पाउनुहुन्छ ।

## लान्छना तथा भेदभाव रहित र भयमुक्त सेवाहरु

हामी तपाईलाई सम्मानजनक तथा मैत्रीपूर्ण व्यवहार गर्नेछौं । यहाँ तपाईंको उमेर, लिंग, जोखिम व्यवहार अथवा अन्य कुनै व्यक्तिगत आचरणको आधारमा तपाईमाथि कुनै पनि भेदभाव हुनेछैन ।

## सुरक्षित सेवाहरु

यहाँबाट प्राप्त गरेको सेवाकै कारणले तपाईले कुनै पनि डर, धम्की, वा त्रास भएको महसुस गर्नुहुनेछैन । यसको संभावनालाई कम गराउन हामी हरसंभव प्रयत्न गर्नेछौं ।

## उच्च गुणस्तरीय सेवाहरु

यस केन्द्रका सबै सेवाहरु राष्ट्रिय मापदण्ड अनुरुपको हुनेछ । यसको लागि हामी निरन्तर अनुगमन गरिरहेका हुन्छौं ।

## गोपनियता

हामी तपाईको व्यक्तिगत सूचनाहरु सुरक्षित र गोप्य राख्दछौं । तपाईको व्यक्तिगत जानकारी तपाईको मन्जुरी बिना हामी कसैलाई पनि उपलब्ध गराउँदैनौ ।

यदि माथि उल्लेखित अधिकारहरु प्राप्त नभएको अनुभव भएमा सेवाको बारेमा गुनासो गर्ने वा सुझाव दिने अधिकार तपाईसँग हुनेछ ।

**गुनासो गर्न वा सुझावको लागि तपाईले "लिंक फिडब्याक" LINK Feedback प्रयोग गर्नुहोला । तपाईले सेवाकेन्द्रमा रहेको सुझाव पेटीका पनि प्रयोग गर्न सक्नुहुनेछ ।**

USAID FROM THE AMERICAN PEOPLE | PEPFAR | LINKAGES Across the Continuum of HIV Services for Key Populations